# शिक्षा सुरक्षाहरू

**अशक्तताहरू:**

- **अशक्तता भएका अमेरिकीहरूसम्बन्धी ऐन (Americans with Disabilities Act, ADA) को टाइटल II - 42 U.S.C. § 12132** - संघीय वित्तीय सहायता प्राप्त गर्ने भए पनि, नभए पनि सार्वजनिक संस्थाहरूलाई अशक्तताका आधारमा भेदभावलाई निषेध गर्दछ।
- **सन् 1973 को पुनर्स्थापना ऐन (Rehabilitation Act) को दफा 504 -29 U.S.C. § 794(a)** - अशक्तता भएका विद्यार्थीलाई "उनको अशक्तताको कारणले गर्दा संघीय वित्तीय सहायता प्राप्त गर्ने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा सहभागी हुन नदिनि, लाभहरूबाट वञ्चित गराउन वा भेदभाव गर्न" पाइँदैन।
- **अशक्तता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA) 2004** - योग्य बालबालिकालाई नि:शुल्क उपयुक्त शिक्षा उपलब्ध गराउँछ र ती बालबालिकाका लागि विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू सुनिश्चित गर्दछ।

**लिङ्ग:**

- **सन् 1972 को शिक्षा संशोधन (Education Amendments) को टाइटल IX - 20 U.S.C. § 1681(a)** - लैङ्गिक भेदभावलाई निषेध गर्दछ: "कुनै पनि व्यक्तिलाई... लिङ्गका आधारमा, संघीय वित्तीय सहायता प्राप्त गर्ने कुनै पनि शैक्षिक कार्यक्रम वा क्रियाकलापमा सहभागी हुन नदिनि, लाभहरूबाट वञ्चित गराउन वा भेदभाव गर्न पाइने छैन।"
- **PHRA टाइटल 16 Pa. संहिता §41.206** - PHRA ले दिएको अधिकार प्रयोग गरी बनाइएको पेन्सलभेनिया मानव सम्बन्ध आयोग (Pennsylvania Human Relations Commission) को नियमावलीले "लिङ्ग" को संरक्षित वर्गको परिभाषामा गर्भावस्थाको स्थिति, प्रसवको स्थिति, स्तनपानको स्थिति, जन्मको समयमा दिइएको लिङ्ग, लैङ्गिक पहिचान वा अभिव्यक्ति, स्नेह वा यौनिक झुकाव र लिङ्ग विकासमा भिन्नताहरू पर्दछन् भनेर स्पष्ट पार्छ।
  **(लागू हुने मिति: अगस्त 16, 2023)**

**जाति:**

- **सन् 1964 को नागरिक अधिकार ऐन (Civil Rights Act) को टाइटल VI-42 U.S.C. § 2000d** - संघीय वित्तीय सहायता प्राप्त गर्ने सबै कार्यक्रम तथा क्रियाकलापहरूमा जाति, रङ तथा राष्ट्रिय मूलका आधारमा भेदभावलाई निषेध गर्दछ।

## तपाईंको नजिक रहेको क्षेत्रीय कार्यालयलाई सम्पर्क गर्नुहोस्:

**Harrisburg**
333 Market St. 8th Floor
Harrisburg, PA 17101
717-787-9780
717-787-7279 (TTY)

**Filadelfia**
110 N. 8th St. Suite 501
Filadelfia, PA 19107
215-560-2496
215-560-3599 (TTY)

**Pittsburgh**
301 5th Ave. Suite 390
Piatt Place, Pittsburgh, PA 15222
412-565-5395
412-565-5711 (TTY)

phrc@pa.gov

www.pag.gov/agencies/PHRC

हामीलाई यहाँ फलो गर्नुहोस्:



PHRC शिक्षा डिभिजन

Pennsylvania
Human Relations Commission

# नागरिक अधिकार सुरक्षाहरू विद्यार्थीहरूका लागि

# विद्यार्थीका अधिकारहरू

सबै विद्यार्थीहरूसँग गैरकानुनी भेदभावबाट मुक्त रहेको वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ ।

पेन्सलभेनियामा संरक्षित वर्गहरूमा **जाति, रङ, लिङ्ग, धार्मिक आस्था, पुर्खा, राष्ट्रिय मूल, अशक्तता, मार्गदर्शक वा सहायता जनावरको प्रयोग, सहायता वा मार्गदर्शक जनावरहरूको व्यवस्थापन वा तालिम वा प्रतिशोध पर्दछन् ।**

**पेन्सलभेनिया मानव सम्बन्ध ऐन (Pennsylvania Human Relations Act, PHRA)** ले रोजगारी, आवास, व्यावसायिक सम्पत्ति, शिक्षा र सार्वजनिक आवासहरूमा हुने भेदभावलाई समेट्छ ।

**पेन्सलभेनिया निष्पक्ष शैक्षिक अवसर ऐन (Pennsylvania Fair Educational Opportunities Act, PFEOA)** विशेष रूपमा माध्यमिक तहपछिको शिक्षा र माध्यमिक तहका व्यावसायिक तथा इलम प्रशिक्षण स्कुलहरूका लागि हो ।

# PHRA तथा PFEOA शिक्षा प्रावधानहरूको अभ्यासका मुख्य बुँदाहरू

- **PHRA अन्तर्गत संरक्षित नरहेको:** उमेर, पारिवारिक स्थिति, GED वा "स्पष्ट रूपमा निजी" विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू ।
- **PFEOA अन्तर्गत संरक्षित नरहेको:** उमेर, पारिवारिक स्थिति वा GED ।
- संघीय पारिवारिक शिक्षा अधिकार तथा गोपनीयता ऐन (Federal Family Educational Rights and Privacy Act, FERPA) ले रेकर्डहरू प्राप्त गर्नका लागि समनहरू दिने अनुमति प्रदान गर्छ ।
- PFEOA अन्तर्गत, "धार्मिक वा सम्प्रदायिक शैक्षिक संस्थाहरू" ले आयोगलाई तिनीहरू धार्मिक सम्प्रदायिक शैक्षिक संस्थाहरू हुन् र PFEOA कै अधीनमा रहरिहन्छन् भनेर लिखितिमा प्रमाणित गर्नुपर्ने हुन सक्छ । §3(2) हेर्नुहोस् ।

# बारम्बार आइपर्ने समस्याहरू

(यो पूर्ण सूची होइन)

## असमान व्यवहार विरुद्ध प्रतिकूल (असमान) प्रभाव

- असमान व्यवहार: संरक्षित वर्गमा आधारित **मनसायपूर्ण** भेदभाव ।
  - ध्यान केन्द्रित गर्नुपर्ने कुरा: मनसाय र उद्देश्य
  - कानुनी मापदण्ड: पूर्वाग्रहको प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाण
- प्रतिकूल प्रभाव: भेदभावको परिणाम ल्याउने तटस्थ नीति/अभ्यास (**मनसाय आवश्यक नपर्ने**) ।
  - ध्यान केन्द्रित गर्नुपर्ने कुरा: प्रभाव वा परिणाम
  - कानुनी मापदण्ड: कुनै वैध औचित्यबिना सांख्यिकीय असमानता

## मनासिब विशेष व्यवस्था(हरू) उपलब्ध गराउन असफल

निम्नका लागि समान पहुँच वा सहभागिताको अवसर प्रदान गर्नका लागि नीति, अभ्यास वा वातावरणहरूमा समायोजन गर्न असफल हुने:

- अशक्तता भएका विद्यार्थीहरू ।
- निष्ठापूर्ण धार्मिक विश्वास भएका विद्यार्थीहरू ।

## प्रतिशोध

भेदभावका बारेमा उजुरी गरेको, छानबिनमा सहभागी भएको वा नागरिक अधिकार कानुनहरूअन्तर्गत आफ्ना अधिकारहरू दाबी गरेकै कारणले गर्दा विद्यार्थी, अभिभावक वा कर्मचारीलाई हानि पुर्‍याउनु ।

## बुलिङ/दुर्व्यवहार

विद्यार्थीको शिक्षामा प्रतिकूल प्रभाव पर्न सक्नेगरी विद्यार्थीलाई प्रत्यक्ष उपस्थितिमा वा इन्टरनेटको माध्यमबाट मौखिक वा लिखित रूपमा पूर्वाग्रहयुक्त टिप्पणीहरू गर्नु, तस्वीर वा ग्राफिकहरू पठाउनु । यस बारेमा थाहा पाएपश्चात् स्कुलले अनिवार्य रूपमा छानबिन गर्नुपर्छ, यसलाई रोक्नका लागि प्रभावकारी कदम चाल्नुपर्छ, यसको पुनरावृत्तिलाई रोक्नुपर्छ र यसबाट भएका प्रभावहरूलाई समाधान गर्नुपर्छ ।



# संवैधानिक व्यवस्थाहरू

**अमेरिकी संविधानको फर्स्ट अमेन्डमेन्ट**

- विद्यार्थीहरूसँग स्कुलमा वाक स्वतन्त्रताका अधिकारहरू हुन्छन् तर सो क्रममा वाक वा अभिव्यक्तिले निम्न गराएमा ती अधिकारहरूलाई सीमित गराउन सकिन्छ:
  - सिकाइमा अवरोध गरेमा
  - गैरकानुनी क्रियाकलापलाई बढावा दिएमा
  - अशिष्ट, अश्लील वा आपत्तिजनक भएमा
  - स्कुलद्वारा प्रायोजित क्रियाकलापहरूको प्रतिकूल रहेमा

**संरक्षण प्राप्त गर्ने विद्यार्थीको अभिव्यक्ति**

- ✅ राजनीतिक अभिव्यक्ति (अवरोध नगराउने भएमा)
- ✅ धार्मिक अभिव्यक्ति (अवरोध नगर्ने भएमा वा स्कुलद्वारा समर्थन नगरिएको देखिएमा)

**संरक्षण प्राप्त नगर्ने विद्यार्थीको अभिव्यक्ति**

- ❌ अश्लील वा अशिष्ट अभिव्यक्ति
- ❌ बाधा पुर्‍याउने अभिव्यक्ति (शिक्षणलाई रोक्ने झैझगडा, विरोध कार्यक्रम)
- ❌ गैरकानुनी कार्यहरूलाई बढावा दिने अभिव्यक्ति (लागूपदार्थको प्रयोग वा हिंसा)
- ❌ घृणाजन्य अभिव्यक्ति वा बुलिङ (दुर्व्यवहार विरुद्धका नीति रि नागरिक अधिकारका कानुनहरूलाई उल्लङ्घन गर्न सक्छन्)